भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ

## भानु नगरपालिका क्षेत्रधिकार भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटि, बालुवा आदी) उत्खनन् तथा विकी सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/०७

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं भानु नगरपालिका, नगर कार्यपालिकाको निर्णय वमोजिम आ.व.२०७५/०७६ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हूने गरी भानु नगरपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का बन्दोबस्त गर्नूपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७४/०७५ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रितपुर्वकको गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

### नदिजन्य पदार्थ संकलन, विक्री तथा उत्खनन् कर:

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १० ०७५/०७६ | जयबुद्ध घाट, भानु –३, | १४,००,००० (चौध लाख) | ३,०००।- (तिन हजार) | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| ११/०७५/०७६ | चुंदी दोभान घाट, भानु १ | रु. ५,००,००० (पाँच लाख) | १५००।- ( एक हजार पाच सय ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| १२/०७५/०७६ | अँधेरीघाट, भानु –१ | रु. ७,००,००० (सात लाख ) | १,५००।- ( एक हजार पाच सय ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| १३/०७५/०७६ | कुर्कुनाघाट, भानु ३ | रु. ७५,००० (पचहत्तर हजार | १,५००।- ( एक हजार पाच सय ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| १४/०७५/०७६ | ढुकुर्दी घाट, भानु –३, | ३,००,००० (तीन लाख) | १,५००।- (एक हजार पाच सय ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| १५/०७५/०७६ | रयाले घाट, भानु –१० | ५००००० (पाच लाख) | १५००।- (एक हजार पाच सय ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| १६/०७५/०७६ | लखुढुंगा घाट, भानु ९ र १० | रु. ३००००० (तीन लाख) | १५००।- (एक हजार पाच सय ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| १७/०७५/०७६ | पातालाघाट, भानु १० | रु ५,००,००० (पाच लाख ) | १,५००।- (एक हजार पाच सय ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| १८/०७५/०७६ | अमबोटे घाट १ र २, भानु –२ | रु. ४,००,०००(चार लाख) | १५००।- (एक हजार पाच सय ) | | १५ दिन भित्र |
| १९/०७५/०७६ | ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, सामागीको निकासी शुल्क उठाउने | रु. ३,००,००० (तीन लाख) | १५००।- (एक हजार पाच सय ) | कवोल अङ्को ५% | १५ दिन भित्र |

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

- वोलपत्र फारम तोकिएको दस्तुर नगदै तिरी भानु नगरपालिकाको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।
- यस कार्यालयवाट खरिद भएका वोलपत्र ठेक्का नं १० को लागि ३१ दिनको १२ बजे सम्म र अन्यको हकमा १६ औ दिनको १२ बजे सम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका वोलपत्र दाखिला हुनुपर्ने अन्तिम दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- उल्लेखित ठेक्काहरुको ठेक्का अवधी सम्झौता मिति देखी २०७६ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।
- यस कार्यालयवाट प्रमाणित भएको वोलपत्र फाराम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्न सकिनेछ ।
- जुनसुकै ठेक्काको ठेक्का बन्दोबस्त गर्न कर शुल्क उठाउने दररेटको विवरण बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।
- वोलपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकताको प्रमाण-पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७४/०७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि कवोल अंकको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा ग्लोवल आई एम ई बैकं मा रहेको . नं C२०४०१००००००४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको पक्षमा जारी गरेको (वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको) रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- स्वीकृत ठेक्का अङ्कलाई (तीन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% दोश्रो किस्ता २५% र अन्तिम किस्ता २५% गरी ३ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । किस्ता अनुसार १.५ प्रतिसत अग्रिम आयकर र १३ प्रतिशत मुल्य अभिबृद्धि कर समेत जोडी कार्यालयमा रकम वुझाउनु पर्नेछ ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा १०% छुट दिन सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिनाहा वा छुट माग दावी गर्न पाईने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम कवोल अंक अनुसारको सम्पूर्ण रकम बुझाए पछि फिर्ता दिईने छ ।
- वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, आन्तरिक विक्रि गर्दा उक्त आ.व. को लागि नगर सभाले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन । उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- नगरपालिकाबाट सिफारिस भै आएमा माथि उल्लेखित घाटबाट सम्झौतामा उल्लेख भए वमोजिमको परिमाणको नदिजन्य पदार्थ निशुल्क उपलब्ध गराउनु पर्नेछ ।
- वोलपत्र दाताले मासिक रुपमा आफुले उत्खनन् गरेको परिमाणको विवरण अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फाराममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- विस्तृत जानकारीका लागी यस कार्यालयको लेखा शाखामा, कार्यालय समय भित्र फोन नं. ९८५६००५१११ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**निकासी सम्बन्धी थप शर्त ( ठेक्का नं १९ को लागि मात्र )**

- वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, ईट्टा, माटो, स्लेट ढुङ्गा, व्लक निकासी शुल्क संकलन गर्दा उक्त आ.व. को लागी नगरपालिकाले तोकेको दररेट भन्दा वढी हुने गरी निकासी गर्न पाईने छैन । उक्त दररेट भन्दा वढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- अन्य स्थानीय तहबाट शुल्क, दस्तुर, कर लिई विल भर्पाई पेश गरेको अवस्थामा पुन : निकासीकर लिन पाईने छैन ।

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत